Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति : २०७४ साउन ३२

## प्रेस विज्ञप्ति

अविरल बर्षाका कारण देशको तराई तथा मध्य पहाडी क्षेत्रको जनजीवन अति नै प्रभावित भैरहेको छ । यस विपत्तिका कारण हालसम्म १२३ जनाले ज्यान गुमाएका छन् भने हजारौं मानिसहरु घरवार विहिन भएको अवस्था छ । यस्तो विपत्तिका कारण सबै वर्ग तथा समुहका व्यक्तिहरु जोखिममा परेका छन् । यद्यपी गर्भवति महिला, सुत्केरी महिला, बालबालिका, किशोरी, अपाङ्गता र जेष्ठ नागरिक व्यक्तिहरुको आवश्यकता फरक हुने हुदा यस समुहका व्यक्तिहरु बढी मात्रामा यस विपत्तिबाट प्रभावित भएका छन् ।

खुला स्थानमा धेरैजना मानिसहरु एकै ठाउँमा बस्नुपर्ने भएको हुँदा यस्तो समयमा महिला, वृद्धा, अपांगता भएका व्यक्ति, किशोरी र बालिकाहरू सबैभन्दा बढी अप्ठ्यारो अवस्था र असुरक्षित हुने गर्दछन् । समाजमा रहेको असमान शक्ति सम्बन्ध र महिलालाई हेरिने दृष्टिकोणका कारण महिलामाथि हिंसा हुदै आएको छ भने यस विपत्तिको समयमा झन् यहि सोच र व्यवहारका कारण महिलामाथि हुने हिंसाको जोखिम बढी हुने गर्दछ । विभिन्न अनलाईन सञ्चारमाध्यमका अनुसार देशका विभिन्न स्थानहरुमा महिलाहरुमाथि यौनजन्य हिंसा भएका समाचारहरु प्रकाशित हुन थालेका छन् । यस्तो विपदका समयमा समेत महिलाहरुमाथि यस्तो जघन्य अपराधहरु हुनुप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ। २०७२ सालको भुकम्प पश्चात् असुरक्षित रुपमा बस्न बाध्य हुदा ८२० जना महिलामाथि विभिन्न प्रकारका हिंसा भएका थिए (ओरेक नेपालको तथ्याकं अनुसार) ।

यसर्थ यस विपदको जोखिम न्यूनिकरणका लागि योजना गरिने राहत तथा पुनर्स्थापना कार्यक्रमहरु महिलामुखि दृष्टिकोणबाट सञ्चालन गरियोस् भनि निम्न लिखित मागहरुको सम्बोधनका लागि हामी नेपाल सरकार समक्ष हार्दिक अपिल गर्दछौ ।

**हाम्रो माग**

- अति प्रभावित क्षेत्रहरुमा मानिसहरु खुला स्थानमा बस्न बाध्य छन् । यस्तो अवस्थामा महिला तथा किशोरीहरुलाई सुरक्षित बनाउनका लागि महिला तथा किशोरीमैत्री शिविरको स्थापना गरि उनीहरुको विशेष आवश्यकतालाई सम्बोधन गरियोस् ।
- सुत्केरी तथा गर्भवति महिलाहरुका लागि स्वास्थ्य जाचँको व्यवस्था सहित आराम गर्ने स्थान, बच्चालाई दुध ख्वाउने स्थान, र पोषिलो खानाको व्यवस्था गरियोस् ।
- कैयौ व्यक्तिले परिवारका सदस्य, आत्मिय व्यक्तिहरु गुमाएका अवस्था छ, घरवारविहिन हुनु परेको अवस्था छ । यस अवस्थाले प्रभावितहरुमा पर्न सक्ने मानसिक तनाव व्यवस्थापन गर्नका लागि मनोपरामर्श तथा मनोविमर्श सेवा प्रदान गरियोस् ।
- फोहोर पानी र दुषित वातावरणका कारणले बाढी प्रभावित क्षेत्रमा विभिन्न खालाका स्वास्थ्य समस्या जस्तै झाडापखाला, आखाँ पाक्ने, एलर्जी, रोघाखोकी, मलेरिया, न्यूमोनिया, टाईफाईड, प्रजनन् स्वास्थ्य सम्बन्धी समस्याहरु पर्न सक्ने हुदाँ यसका लागि यथासिघ्र यस सम्बन्धी स्वास्थ्य सचेतना तथा स्वास्थ्य सेवा प्रदानका लागि स्वास्थ्य शिविरहरु सञ्चालन गरियोस् ।
- विपदका समयमा बालिका, किशोरी तथा महिलाहरुमाथि हुने यौनजन्य हिंसा/दुर्व्यवहार तथा बेचबिखन हुन नदिन विभिन्न सचेतना तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरियोस् ।

धन्यवाद ।

अभिराम राय
कार्यक्रम निर्देशक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org